केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०३/०७२/७३ मिति: २०७२/०५/०१

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ।

*"यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुले इजाजतपत्रप्राप्त "घ" वर्गकै अन्य संस्थाहरुद्वारा जारी भएका शेयर सुरक्षणपत्र वा अन्य कुनै पूँजी उपकरणहरुमा लगानी गर्न पाईने छैन। तर विगतमा कुनै "घ" वर्गको संस्थाहरुले अन्य "घ" वर्गकै संस्थाहरुको शेयर धारण गरेको भए २०७४ असार मसान्तभित्र सो शेयर निसर्ग गरिसक्नु पर्नेछ।"*

२. यस बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७२ को बुँदा नं. ६.३ (१०) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ।

*"तर, एक आपसमा गाभ्ने/गाभिने वा प्राप्तीको प्रक्रियामा रहेका बैंक वा वित्तीय संस्थाहरु वीच गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धमा यस बैंकबाट सैद्धान्तिक सहमति दिइसकिएको अवस्थामा यस बैंकको स्वीकृति लिई प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको समयावधी थप गर्न सकिनेछ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।